आज मिति २०८२ साल कार्तिक १९ गते बुधबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८२/०८३ को १० औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति** :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री ओम प्रकाश मेहता - का.वा. वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री सुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरि नन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य- उषा

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य- सुनिता

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य- समतोलिया

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री सुधिर साफी - सचिव -

**आमन्त्रित** :

श्री डण्डिकेशर खनाल - शिक्षा अधिकृत -

श्री विन्देश्वर यादव - लेखा अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अधिकृत -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. विशेष (आकस्मिक) गाउँसभा सम्बन्धमा ।
३. पोल बत्ती खरिद सम्बन्धमा ।
४. डि.पि.आर.(DPR) को भुक्तानी सम्बन्धमा ।
५. सहकारी दर्ता सम्बन्धमा ।
६. पशु सेवा ईकाइ सञ्चालन सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०६/३१ गते भएको ९ औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाको १९ औं विशेष (आकस्मिक) गाउँसभा मिति २०८२/०७/२८ गते शुक्रबारका दिन आयोजना गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा सम्बन्धित वडाको माग तथा आवश्यकता अनुसार ३० watt र ५० watt को पोल बत्ती बढिमा ९०० थान र सोको लागि आवश्यक तार, होल्डर र होल्डर कभर खरिद गर्ने र उक्त खरिद बापतको रकम प्राविधिक इष्टिमेट र मुल्यांकन अनुसार आ.व. २०८२/०८३ को स्वीकृत बजेट देवानगञ्ज गाउँपालिकाको पुजिगतको समपुरक खर्च शिर्षकबाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व.२०८२/०८३ को स्वीकृत तपसिल बमोजिमको योजनाहरुको डि.पी.आर.(DPR) भई प्रतिवेदन पेश भएको हुँदा उक्त डि.पी.आर. प्रतिवेदन स्वीकृत गरी सोही योजनाको शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :**

| क्र.स. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | देवानगञ्ज गा.पा. वडा नं. ७ देखि पूर्व हकपारा जाने बाटोमा कालो पत्रे कार्य । | देवानगञ्ज गा.पा. ७ | |

| | | | |
|---|---|---|---|
| २. | शारदा आ.वि. देवानगञ्ज १ मा ८ कोठे भवन र बाउण्ड्री निर्माण कार्य । | देवानगञ्ज गा.पा. १ | |

५. प्रस्ताव नं.५ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकामा दर्ताका लागि पेश भएका तपसिलका कृषि सहकारीहरुलाई आवश्यक कागजात माग गरी दर्ता गरी प्रमाण-पत्र प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

१) दुर्गा भवनी कृषि सहरकारी संस्था लिमिटेड, देवानगञ्ज-७, सुनसरी ।

२) श्री शिवशक्ति कृषि सहकारी संस्था लिमिटेड, देवानगञ्ज-५, सुनसरी ।

प्रस्ताव नं-५ को छलफलमा एउटा सहकारी छुटेको छ त्यसलाई समावेश गर्ने पनि

६. प्रस्ताव नं.६ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा नं.७ को माग र आवश्यक्तालाई मध्येनजर गरी देवानगञ्ज गाउँपालिका वडा नं.७ मा बन्द अवस्थामा रहेको पुरानो स्वास्थ्य चौकीको भवनलाई प्रयोग गरी देवानगञ्ज गाउँपालिकाको पशु सेवा ईकाइ सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।